मन्थली नगरपालिका

# नगर कार्यपालिका कार्यालय,

मन्थली, रामेछाप,३ नं.प्रदेश

## बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७३/१२/१७)

यस मन्थली नगरपालिका क्षेत्रभित्र तपसिल वमोजिमको सपिङ कम्प्लेक्स निर्माण कार्य बोलपत्रद्धारा गराउनु पर्ने भएकाले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वक बोलपत्र आव्हान गरीन्छ।

१. बोलपत्र खरीद सम्बन्धि कागजातहरु तल उल्लेखित दस्तुर ( पछि फिर्ता नहुने ) नगदै बुझाइ नगदी रसिद साथ नविकरण भएको खरिद ईजाजत तथा मूल्य अभिवृद्धि कर ( VAT) दर्ता प्रमाण पत्र, मन्थली नगरपालिकामा निर्माण व्यवसाय कर तिरेको प्रमाणको प्रतिलिपी र आर्थिक बर्ष २०७२/७३ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न राखी लिखित निवेदन दिइ यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन भित्र यस नगर कार्यपालिको कार्यालय मन्थलीबाट खरिद गर्न सकिनेछ। र **E-bidding** गर्न चाहनेले शहरी विकास तथा भवन निर्माण विभागको **Website** **www.edudbc.gov.np** बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

२. खरिद भएको बोलपत्रहरुमा उल्लेख भएका सवै विवरणहरु प्रष्टरुपमा भरी निर्माण व्यवसायीले प्रत्येक पानामा सहिछाप गरी, शिलवन्दी गरी खाम बाहीर फर्मको नाम, ठेगाना र कामको नाम प्रष्टसंग लेखि ३१ औं दिन दिनको १२.०० बजे भित्रमा यस नगर कार्यपालिका कार्यालय,मन्थलीमा दर्ता गराउनु पर्नेछ वा **E-submission** गर्न सकिनेछ। रितपूर्वक दर्ता वा E-submitted भएका बोलपत्रहरु ३१ औं दिनको २.०० वजे उपस्थित बोलपत्रदाताहरु तथा प्रतिनिधिहरुको रोहवरमा यसै नपाको कार्यालयमा खोलिनेछ। बोलपत्रदाताहरु वा प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्नका लागि बाधा पर्नेछैन।

३. बोलपत्र साथ धरौटी वापत हुने जमानत वापतको रकम राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय मन्थलीमा रहेको नगर कार्यपालिका कार्यालयको मन्थलीको नाममा संचालित धरौटी खाता नम्बर १६८०३०३००७१०२ मा जम्मा गरेको भौचर वा सो रकम वरावरको यस कार्यालयको नाममा जारी गरीएको बिडवण्ड बोलपत्र खोलेको मितिले कम्तीमा १२० दिन पछिसम्म म्याद रहेको पेश गर्नुपर्नेछ।

४. बोलपत्र शर्तरहित, केरमेट नभएको, कार्यालयले उल्लेख गराइएको बोलपत्र पुस्तिकामा कुनै थपघट वा द्रष्टव्य नखुलेको हुनुपर्नेछ। समय भित्र प्राप्त नभएको, रीत नपुगेको, सूचनाका शर्त विपरीत भएको बोलपत्र माथि कुनै कार्वाही हुनेछैन।

५. बोलपत्र खरिद गर्ने/दर्ता गर्ने अन्तिम दिन विदा परेमा सो को भोलीपल्ट वा विदा पछि कार्यालय खुलेको दिन हुनेछ।

६.कुनैपनि कारण जनाइ वा नजनाइ सम्पूर्ण वा आंशिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहीत रहनेछ।

७. बोलपत्रदाताले आफूले कवोल गर्ने अंक मूल्य अभिवृद्धि कर वाहेकको हुनुपर्नेछ।

८. यसमा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ ( चौथो संशोधन २०७३ समेत ) अनुसार हुनेछ।

९. **E-bidding** मार्फत कागजात खरिद गर्न रकम जम्मा गर्ने बैंकको विवरण

बैंकको नाम : रा.बा.बैंक शाखा कार्यालय मन्थली — कार्यालय कोड नम्बर : २१-३६५-११

राजश्व शिर्षक नम्बर : १४२२७ — राजश्व खाता नम्बर : १-१-००१

| सि. नं. | ठेक्का नं. | कामको विवरण | ल.ई. रकम रु (भ्याट र कन्टिन्जेन्सी बाहेक ) | धरौटी रकम | फाराम खरीद दस्तुर रु |
|---|---|---|---|---|---|
| ०१ | ०५/२०७३/।०७४ | सपिङ कम्प्लेक्स निर्माण | १,०४,६०,०७६।६३ | ३,००,०००।- | ३,०००।- |